**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०६ जनवरी २०२५

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आज भिडियो कन्फरेन्समार्फत विभिन्न रेल परियोजनाको उद्घाटन तथा शिलान्यास गर्नुभयो।

२. असमको बोडोल्याण्ड क्षेत्रीय परिषद क्षेत्रमा गोर्खा प्रमाण पत्रलाई भूमि वितरण र स्थायित्वका निम्ति वैध दस्तावेजको रूपमा स्वीकार गर्ने निर्णय लिएकोमा गोरामुमो अध्यक्षद्वारा असम सरकारप्रति आभार प्रकट गर्नुभयो।

३. हुगलीबाट दार्जीलिङ घुम्न आएका 58 वर्षे एक पर्यटकको मार्मिक निधन भएको छ।

४. बाक्लो कुहिरोको कारण दक्षिण बङ्गालमा जनजीवन अस्तव्यस्त भएको छ।

**पीएम - रेल परियोजना**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज भिडियो कन्फरेन्समार्फत विभिन्न रेल परियोजनाको उद्घाटन तथा शिलान्यास गर्नुभयो। यसका साथै प्रधान मन्त्रीले यस क्षेत्रमा कनेक्टिभिटीलाई अझ बढावा दिन नयाँ जम्मू रेलवे डिवीजनको उद्घाटन समेत गर्नुभयो। जम्मू-कश्मीर रेलवे डिवीजनको निर्माणले जम्मू-कश्मीर र आसपासका क्षेत्रहरूको लागि महत्त्वपूर्ण लाभ पुर्याउनेछ । यसैगरी प्रधानमन्त्रीले तेलंगानाको चार्लापल्ली नयाँ टर्मिनल स्टेशनको पनि उद्घाटन गर्नुभयो भने पूर्वी तट रेलवेको रायगडा रेलवे डिभिजन भवनको शिलान्यास गर्नुभयो। सो अवसरमा बोल्दै प्रधानमन्त्री मोदीले जम्मु काश्मिर, तेलङ्गना र उडिसामा रेल पूर्वाधार परियोजनाको शुभारम्भले पर्यटनलाई बढावा दिनुका साथै यी क्षेत्रको सामाजिक–आर्थिक विकासमा वृद्धि गर्ने बताउनु भयो ।

****** ० ******

**गंगासागर मेला - बंगालमा सुरक्षाको कड़ा बन्दोबस्त**

गंगासागर मेला अवधि बंगलादेशबाट अवैध अनुप्रवेशको सम्भावित प्रयासलाई मध्यनजर गर्दै केन्द्रिय गुप्तचर एजेन्सीहरू द्वारा पश्चिम बंगाल सरकारलाई सतर्क गराइएको छ। गुप्तचर रिपोर्ट अनुसार दक्षिण 24 परगना जिल्लाको सागर द्वीपमा हुनसक्ने व्यापक भीड़को फाइदा उठाएर तटीय सीमाहरूबाट अनुप्रवेश हुनसक्छ।

****** ० ******

**स्वामी विवेकानंद मिलन मेला**

स्वामी विवेकानंद जयंतीको अवसरमा पांच दिवसीय "स्वामी विवेकानंद मिलन मेला" को आयोजन हुने भएको छ । यस मेलको आयोजन विवेकानंद पाठचक्र द्वारा गरिने छ भने संस्कार भारती अनि सिमला व्यायाम समिति जस्ता प्रतिष्ठित संस्थानहरुले पनि यस मेलाको आयोजनामा सहयोग गर्ने भएका छन् | मेला आगामी 10 देखि 14 जनवरी सम्म सिमला व्यायाम समिति अनि काली सिंघी पार्कमा अवस्थित स्वामी शिवमयानंद मंचमा आयोजित हुनेछ । कार्यक्रमको निगरानी रामकृष्ण मिशन, स्वामी विवेकानंदको पैतृक आवास अनि सांस्कृतिक केंद्र द्वारा गरिएने छ ।

****** ० ******

**बोडोल्याण्ड**

असमका मुख्यमन्त्री हिमन्त विश्व शर्मा अनि बोडोल्याण्ड क्षेत्रीय परिषदका प्रमुख कार्यकारी सदस्य प्रमोद बोडोलाई गोर्खा प्रमाण पत्रलाई बोडोल्याण्ड क्षेत्रीय परिषद क्षेत्रमा भूमि वितरण र स्थायित्वका निम्ति वैध दस्तावेजको रूपमा स्वीकार गर्ने निर्णय लिएकोमा गोर्खा राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रीय अध्यक्ष मन घिसिङले आभार प्रकट गर्नुभयो। आज प्रेस विज्ञप्ति जारी गर्दै घिसिंगले

यो निर्णय बोडोल्याण्ड क्षेत्रीय परिषद क्षेत्रमा बसोबास गर्ने गोर्खा समुदायको दीर्घकालीन माग पूरा गर्नेतर्फ एउटा महत्त्वपूर्ण कदम रहेको बताउदै यसले उक्त क्षेत्रका गोर्खाहरूमा रहेको भय र असुरक्षाको भावना समाप्त गर्न मद्दत पुऱ्याउनेछ बताउनु भयो । यसका साथमा यस निर्णयले बोडोल्याण्ड क्षेत्रीय परिषदमा विभिन्न समुदायहरूबीच विश्वास र सहकार्यलाई प्रवर्द्धन गर्ने उल्लेख गर्दै क्षेत्रीय शान्ति, सद्भाव, एकता र विकासका लागि बलियो आधार तयार पार्ने विश्वास व्यक्त गर्नुभयो।'

****** ० ******

**आँगनवाडी**

आज हिल तराई आँगनवाडी सङ्गठनका सदस्यहरुले जीटीएका कार्यपाल अनित थापालाई पिन्टेल भिलेजमा भेटेका छन्। भेटघाट क्रममा उनीहरूले आँगनवाडी हेल्पर अनि वर्कर्सहरूको सोह बर्षपछि पदोन्नति भएको तथा यसको निम्ति जीटीएले ठुलो पहल गरेको भन्दै आभार प्रकट गरेका छन यसका साथै उनीहरूले गत 29 डिसेम्बर देखि नियुक्ति पत्र प्राप्त गर्नु सकेको जानकारी गराएका छन। अर्कोतिर 16 वर्ष सम्म जीटीए क्षेत्रमा आइसिडिएसका हेल्पर अनि वर्कर्सहरुको पदोन्नति नभएको यद्यपि आफुहरुले जीटीएको सत्ता सम्हाले पछि उनीहरूको पदोन्नतिको निम्ति पहल सुरु गरेको तथा यो पाउने अधिकारको हकदार उनीहरू रहेको कार्यपाल अनित थापाले बताउनु भयो। यसका साथै धेरैले यो पदोन्नतिमा ठाउँ नपाएकोले उनीहरूमाथि भएको अन्यायको निम्ति आफुपे संबंधित निकायसग बातचित गरिदिने बताउनु भयो।

****** ० ******

**अर्ना**

गत दिसमबर महिनादेखि मिरिक नगरपालिका क्षेत्रमा घुमी हिड्ने अर्ना मरेको आवस्थामा मिरिक महादेवटार माथिको काली खोलामा भेट्टिएको छ।केही दिन अघिदेखि बिरामी अवस्थामा रहेकाे अर्नाकाे उपचारको निम्ति महादेव टार मन्दिरका स्वंयसेवीहरु पुग्दा अर्ना मरेकाे अवस्थामा देखिएकाे स्थानीयहरुको भनाई कछ।अर्नाकाे मृत्यु के कारणले भयाे वन विभागद्वरा अनुसन्धान भइरहेको छ ।अर्ना मृत रहेकाे सूचना पाएपछि वन विभागका कर्मचारीहरू घटना स्थलमा पुगे अनि मृत अर्नालाई उद्धार गरि साेमबार दाहसंस्कार गरे। याद रहाेस शुरूमा अर्नालाई मिरिक नगरपालिका वार्ड नम्बर 6 काँउले गाँउमा देखिएकाे थियाे।

****** ० ******

**पर्यटक-निधन**

हुगलीबाट दार्जीलिङ घुम्न आएका 58 वर्षे एक पर्यटकको मार्मिक निधन भएको छ। गत शुक्रबार हुगलीबाट दार्जीलिङ आएर लामाहट्टामा बसेका उनी हिजो दार्जीलिङ शहर पनि घुम्न आएका थिए। जो त्यसै दिन पुनः लामाहट्टा फर्किएका थिए। जसको अवस्था अचानक बिग्रिएपछि उनलाई उपचारको लागि तत्काले दार्जीलिङ जिल्ला अस्पताल ल्याइएको थियो। तर दार्जीलिङ जिल्ला अस्पताल ल्याइपुऱ्याउँदा डाक्टरले उनको निधन भइसकेको घोषणा गरेका थिए। जसको शवको पोस्टमार्टम तथा आवश्यक औपचारिकता गरिएपछि जीटीएको सहयोगमा उनको शवलाई उनको निवास, स्थान पठाउने व्यवस्था गरिएको छ

****** ० ******

**कालेबुङ**

हालै विद्यावारिधी पुरा गरेका कालेबुङ बोङ बस्तीका डाक्टर यादव सापकोटालाई सम्मान जानाइयो। हिजो एक कार्यक्रमको साथमा उनको उपलब्धि केवल बोङ बस्तीको निम्ति मात्र नभएर कालेबुङको निम्ति नै गर्वको विषय रहेको भन्दै उनैको गाउमा प्रशस्ति पत्र दोसल्ला सहितले सम्मान जनाइयो। सापकोटाले प्रतिष्ठित काशी हिन्दू विश्व विद्यालयबाट 'नेपाली निर्गुण भक्ति काव्यको बिश्लेषनात्मक अध्ययन ' विषय विद्यावारिधी उपाधि प्राप्त गरेका हुन् भने उनले उक्त विश्व विद्यालयमा सत्र २०१६-२०१८ मा दुईवटा स्वर्ण पदक प्राप्त गरेका थिए।

****** ० ******

**हर घर जल**

घूम-जोरबङ्लो पिपल्स अर्गनाइजेशनको एक टोलीले घूम खासमल वार्ड नम्बर ४ क्षेत्रमा बनिन लागेको जल जीवन मिशन परियोजनाको आज स्थलगत निरीक्षण गरेका छन। गाउवासीहरु बिशेस उपस्थितिमा गरिएको भमनमा परियोजना अधिनस्त बनिन लागेको योजनामा अर्गनाइजेशनले असतुष्ट व्यक्त गरेको छ भने यसलाई सहि रुपमा गरिनुपर्ने माग गरेको छ । विशेष घूम

खासमलमा हर घर जल योजनाको निम्ति जम्मा एघारवटा ट्याङकी बनिनु पर्ने योजना थियो तर अहिलेसम्म आठवटा मात्रै ट्याङकी बनिसकेको छ भने बनिएको ट्याङकीमा कुनै पाइप जडान गरिएको छैन

****** ० ******

**गौरी शंकर**

जाडोको मौसमलाई ध्यानमा राख्दै दार्जीलिङको एक गैरसरकारी संस्था गौरी शंकर संस्थानले आइतबार सोम चिया बगान दोस्रो विभागको धनमान धुरामा मनोरञ्जनात्मक कार्यक्रमको साथमा आवस्यक मानिसहरुमा लुगाफाटा बितरण गरेको छ। यस अवसरमा संस्थानका कलाकारहरुले सांगीतिक कार्यक्रम प्रस्तुत गरिनको साथै नाटक पनि मञ्चन गरेका थिए भने कार्यक्रममा स्थानीय सर्वसाधारणको बिशेश उपस्थित रहेको तथा आगामी दिनहरूमा दार्जीलिङका अन्य स्थानहरुमा पनि यस प्रकारको सेवाको कार्यहरू निरन्तर गरिरहने संस्थानका सस्थापक जोसन योञ्जनले गराएका छन।

****** ० ******

**शौचालय**

आज दार्जिलिंग पुलबजार खण्डको रेलिङ ग्राम पञ्चायत अधिनस्त लोवर लामा गाउँ वार्ड नम्बर तीनमा "सार्वजनिक शौचालय- "को ग्राम प्रधान सारिका राईको बहुलीबाट रिबन काटेर विधिवत रूपमा उद्धाटन गरियो। रेलिङ ग्राम पञ्चायतको पहलमा यस शौचालय 15 औँ वित्तीय आयोगबाट टाइट योजना मार्फत लगभग 3 लाख रूपियाँ बराबरको लागतमा निर्माण गरिएको हो भने गाउँको हितमा यसरी सराहनीय कार्य गरिएको भन्दै गाउँवासीले वार्ड सदस्य सञ्चमान लिम्बू तथा ग्राम प्रधान सारिका राईलाई धन्यवाद दिएका छन। आजको कार्यक्रममा रेलिङ ग्राम पञ्चायत प्रधान सारिका राई, ग्राम सचिव मणिइजम सुब्बा, वार्ड सदस्य सञ्चमान लिम्बू, पञ्चायत समिति सदस्या लक्ष्यन्दा सुब्बा गाउँलेहरू लगायतका अन्यान्यको उपस्थिति रहेको थियो

****** ० ******

**झण्डा**

इन्डियन गोर्खा जनशक्ति फ्रन्टको प्रसार प्रचार गर्न आज कालेबुङमा पार्टीको झण्डा लगाउने कार्य गरिएको छ। कालेबुङ शहरका विभिन्न स्थानमा दलीय झण्डा लगाउने कार्य भएको पार्टीले जनाएको छ।

****** ० ******

**गोलिटार**

आफ्नो ठाउ आफै सफा बनाउ भन्दै सिमाना बजार भ्यू पोइन्ट गोलिटारका व्यापारीहरुले आज भ्यू पोइन्ट परिसर सरसफाई गरेका छन। दोकानहरु बन्द गरि उनीहरुले सरसफाइ गरी सिमाना भ्यू पोइन्ट गोलिटार परिसरलाई स्वच्छ बनाएका छन्। सिमाना भ्यू पोइन्ट गोलिटारका सभापति सचिव अनि सम्पूर्ण सदस्यहरुद्वारा उक्त कार्यक्रम गरिएको थियो।

****** ० ******

**पावल सिमिक**

काथोलिक ख्रिष्ट्रिय धर्मक्षेत्रका बिशप पावल सिमिकलाई सिलगढी नजीकै बागडोगरा काथोलिक धर्मप्रान्तका बिशपको रुपमा एउटा भव्य समारोहबीच आइतबार अभिषेक गरिएको छ। कालेबुङ जिल्लाको गीतडबलिङ्गमा जन्मेका पावल सिमिक वितेको तीन दशकदेखि पुरोहिताइको क्षेत्रमा सेवारत थिए। समारोहमा भ्याटिकनबाट पोप फ्रान्सिसद्वारा सिमिकलाई बिशपको रुपमा मान्यता दिएको पत्र पहिला अङ्ग्रेजीमा अनि त्यसपछि हिन्दीमा पठन गरियो। उक्त समारोहमा पोप फ्रान्सिसका प्रतिनिधि मोस्ट रेभरेन्ड लियो पोल्डो जिरेल्ली मुख्यरुपमा उपस्थित थिए।

****** ० ******

**लामागाउँ**

अमुक्त परिवार सिलोगुढी दार्जिलिङ पहाडकै ख्यातिप्राप्त फुटबल प्रतियोगितामा पर्ने लामागाउँ गोल्डकप दसौं सस्करणको क्वाटर फाइनलमा प्रवेश गरेको छ। आज आयोजित प्रतियोगिताको तेस्रो खेलमा चाद एफ सी खरसाङलाई ट्राइ ब्रेकरमा चार पाचको अन्तरले हराउदै प्रतियोगिताको अन्तिम आठमा प्रवेश गरेको छ। निक्कै रोमाञ्चक भएको खेलको निर्धारित समय एक एक गोलमा सकिएको थियो भने नतिजा ट्राइ ब्रेकरबाट निकालिएको थियो। दार्जिलिङ सिक्किम खर्साङ सिलिगुढी लगायतको

नामि दलहरुको साथमा लामागाउँ वेलफेयर सोसाइटीद्वारा आयोजित प्रतियोगितालाई फुटबल महाकुम्बको रूपमा लिइन्छ भने महिनाव्यापी यस प्रतियोगितालाई सम्पुर्ण गाउँवासीले बार्षिक उत्सवको रूपमा मनाउने गर्दछन। यसका साथै यस प्रतियोगितामा बिजेता दललाई चार लाख तथा उपबिजेतालाई दुई लाख सहितको पुरस्कार प्रदान गरिने थाहा लागेको छ।

****** ० ******

**मौसम**

मौसम विभागका अनुसार आगामी दिनमा उत्तर बङ्गालमा हल्का वर्षाको सम्भावना रहेको छ भने दार्जिलिङ, कालिम्पोङ, जलपाईगुडी र अलिपुरद्वार जिल्लामा मङ्गलबार र बुधबार वर्षाको सम्भावना रहेको छ। यसका साथै दार्जिलिङको उच्च स्थानहरुमा हिमपातको सम्भावना छ। अन्य जिल्लामा आंशिक देखि सामान्य बदली रही बाँकी भू–भागमा मौसम सामान्यतया सफा रहने बताइएको छ। अर्कोतिर बाक्लो कुहिरोको कारण दक्षिण बङ्गालमा आज बिहानदेखि जनजीवन अस्तव्यस्त भएको छ।

****** ० ******